नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
सिराहा भन्सार कार्यालय

फोन नं. : ९८५२८४५०२२
Email : siraha@customs.gov.np

लिलामी सूचना नं.-६२ ०८/०९

मितिः २०८३।०८।०९

भन्सार नियमावली २०८३ को नियम ८५(२), ८५(५)र ८६(८) अनुसार जफत भएका वस्तुहरुको लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सूचना

यस कार्यालयमा अबैध पैठारी/निकासीको अभियोगमा दाखिला हुन आएको तपसिल बमोजिमको वस्तुहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा एकमुष्ट खरिद सकार गर्न तपसिलमा उल्लेखित मिति, स्थान र समयमा खुला बोलकबोल द्वारा डांक बढाबढ गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डांक लिलाम बढाबढमा भाग लिन ईच्छुक सबैको जानकारीकोलागी भन्सार नियमावलीको ८५(२) बमोजिम लिलामको यो सूचना प्रकाशित गरिएको छ ।आफूले कबोल गरेको कुल रकमको १० प्रतिशतले हुने रकम अनिवार्य धरौटी राखी न्यूनतम मूल्यमा नघटने गरी लिलाम साकार गर्नुपर्ने छ।यो सूचना यस कार्यालयको सूचना पाटी, भन्सार विभाग वा यस कार्यालयको वेभसाइट, जिल्ला प्रशासन कार्यालय सिराहा, भूमि प्रशासन कार्यालय सिराहा, को.ले.नि.का. सिराहा, सिराहा नगरपालिका सिराहा र उधोग वाणिज्य संघको कार्यालय सिराहामा समेत हेर्न सकिनेछ ।लिलाम स्विकृत भएमा सोको जानकारी वा सूचना पाएको मिति देखि ७ दिन भित्रमा आफूले कबोल गरेको रकममा थप अन्य कर,महशुल,शुल्क ,दस्तुर लाग्ने भएमा सो समेत भुक्तानी गरी सामान बुझिलिई जानुपर्नेछ,अन्यथा धरौटी वापत जम्मा गरेको रकम जफत गरिनेछ ।मालवस्तु कार्यालयको गोदामबाट उठाई लैजाने, लोड अनलोड लगाएतका खर्च साकार गर्ने स्वयंले नै व्यहोर्नु पर्नेछ । लिलाम स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ । लिलाम हुने वस्तुहरुको भौतिक अवस्था, गुणस्तर, प्रकृति तथा अन्य थप विषय बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।लिलाम साकार गरिसकेपछी वस्तुको भौतिक अवस्था, गुणस्तर, प्रकृति तथा अन्य सम्बन्धमा कहि कतै उजुर वाजुर गर्न पाइने छैन । लिलाम सम्बन्धी अन्य बिषयमा प्रचलित नेपाल सरकारको कानून अनुसार हुनेछ ।

लिलाम हुने मिति : २०८३ साल मंसिर महिना २३ गते बुधवार ।
लिलाम हुने समय : १३:०० बजे देखि १५:०० बजे सम्म ।
लिलाम हुने स्थान : सिराहा भन्सार कार्यालय, माडर

तपसिल

सिन	मिति	मुद्दानं.	मालवस्तुको विवरण	न्यूनतम कायम मुल्य रु.	कैफियत
३	२०८३।०२।०७	६४४	धुप चश्मा- १८४० पिस, स्मार्ट ग्लाँस- ७४ पिस, सुटिङ्ग कपडा- २१ मि. मोजा- ३६ जोर, बच्चाको गञ्जी- ४० पिस, पेन्टी- २० पिस र चेन सको चेन- ३ पिस।	१२४८६९६	
८	२०८३।०३।०७	७२६	फलामे फरुवा- ३ पिस, हिसया- ५५ पिस, खुर्पा- १८ पिस, बच्चाको फराक सेट- ४ सेट, लेडिज फराक सेट- १५ सेट र बच्चाको फराक- ८ पिस।	३१३५०	
२०	२०८३।०३।२२	७६८	स्विच १९२ पिस,चर्जर बल्ब ५७ पिस, तार १५ बण्डल	३५४४२	
२२	२०८३।०३।२२	७७३	पितलको भाडा- १० किलो, साडी- २ पिस र प्रिन्ट कपडा- ६ पिस।	१२०४५	
२३	२०८३।०३।२३	७७९	चुरा- ५६ डब्बा, टप/झुम्का- ३ डब्बा, नेकलेस- २ डब्बा, माला- १ डब्बा, ब्रा- १ डब्बा, बिन्दी- ३ पत्ता, चाप- ७ द. मोजा ३२ जोर	२६८९५	
				१३५४४२८	

ईति सम्वत २०८३ साल ०८ महिना ०९ गते रोज ०४ शुभम ।